# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, चौमाला, कैलाली मंसिर ०७ गते , विहीबार २०८० साल, (संख्या ८)

## महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन तथा सम्मान कार्यविधि, २०८० (पहिलो संशोधन)

<u>प्रस्तावना:</u> सबै गौरीगङ्गा नगरबासीहरुलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन जुट्नु भएका सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरूको सेवाभावलाई उच्च कदर गर्दै सो सेवाभावको निरन्तरता र निजहरुको मनोबल उच्च बनाउन वाञ्छनीय भएकाले,

गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन तथा सम्मान कार्यविधि जारी गरिएको छ।

**<u>१.संक्षिप्त नाम र प्रारम्भ:</u>** १) यो कार्यविधिको "महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन तथा सम्मान सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**<u>२. परिभाषा:</u>** १) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "कार्यालय" भन्नाले गौरीगङ्गा नगरपालिका कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख) "प्रोत्साहन " भन्नाले नियम ३ को उप नियम १ बमोजिम विनियोजित रकमलाई सम्झनुपर्छ।

ग) "नगरबासी" भन्नाले गौरीगङ्गा हाल नगरपालिकामा बसोबास गरिरहेका ब्यक्तिलाई जनाउने छ साथै थात ठेगाना पत्ता नलागेको नगर क्षेत्रमा रहेको व्यक्तिलाई समेत सम्झनु पर्छ ।

घ) “महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका” भन्नाले यस नगरपालिकाबाट महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको नियुक्ति प्राप्त गरी नगरपालिकाका विभिन्न वडाहरूमा कार्यरत तथा भविष्यमा नयाँ छनौट भई आउने नियुक्ति प्राप्त महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकासमेतलाई सम्झनु पर्छ ।

ङ) “प्रोत्साहन” भन्नाले गौरीगङ्गा नगरपालिले यस कार्यविधिको दफा ४ बमोजिम प्रदान गरिने नगद तथा जिन्सीलाई सम्झनु पर्दछ ।

च) “क्षमता विकास” भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको पेसागत सिप र दक्षता विकास गर्न कालागि प्रदान गरिने तालिम समीक्षा स्थलगत अवलोकन लाई सम्झनु पर्नेछ ।

छ) “नगरपालिका” भन्नाले गौरीगङ्गा नगरपालिका सम्झनु पर्छ ।

ज) “कार्यपालिका” भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

३. <u>प्रोत्साहन रकमः</u> १)नगरपालिकामा रहेका महिला स्वास्थ्य स्वयम् सेविकालाई प्रोत्साहन गर्न नगरपालिकाले प्रत्येक वर्ष स्वास्थ्य शाखा मार्फत कार्यक्रम तर्जमा गरी आवश्यक रकम विनियोजन गर्नेछ ।

२) उपदफा १ बमोजिमको कार्यक्रममा तपसिलका निकायबाट प्राप्त रकम समेत समावेश गर्न सकिनेछ

क) सङ्घ संस्थाबाट

ख) प्रदेश सरकारबाट

ग) सङ्घीय सरकार बाट

घ) अन्य स्थानीय तहबाट अनुमति प्राप्त गरी प्रदान गरिएको रकम ।

गौरीगंगा राजपत्र

४. **प्रोत्साहन वितरणः** १) महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकालाई तपसिलका प्रोत्साहन प्रदान गर्न सकिनेछ ।

२) मासिक यातायात खर्चः [1]नगरपालिका मातहतमा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकालाई प्रत्येक महिना यातायात खर्च बापत नगर सभाले विनियोजन गरी तोकिए वमोजिमको रकम प्रदान गरिनेछ ।

३) उत्कृष्ट महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका सम्मान कार्यक्रमः नगरपालिकामा रहेका वडाहरूबाट प्रत्येक वडाको एक उत्कृष्ट स्वास्थ्य स्वयम् सेविका चयन गरी सम्मानित गरिनेछ ।सो छनोटको मापदण्ड स्वास्थ्य शाखाले निर्माण गरे बमोजिम हुनेछ ।

४) उपदफा ३ बमोजिम चयन भएका उत्कृष्ट वडा स्वास्थ्य स्वयम् सेविकालाई बढीमा जनही रु. ५०००।- (पाँच हजार )सम्मको उपहार वा नगद प्रदान गर्न सकिनेछ ।

५) सम्मान जनक बिदाइः यस गौरीगङ्गा नगरपालिकामा स्वास्थ्य स्वयम् सेविकाको रूपमा लगातार कार्य गरी उमेर हदका कारण बिदाइ लिनु पर्ने महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको कार्यको उच्च मूल्याङ्कन गर्दै अन्य स्वास्थ्य स्वयम् सेविकालाई समेत काम प्रति उत्साह जगाउन सम्मान जनक बिदाइ गरिनेछ । सो कार्यका लागि जनही रु. १,००,०००।- (एक लाख) र सम्मान पत्र सहित एक पटककालागि सम्मानजनक बिदाइ गरिनेछ ।

६) न्यूनतम ५ वर्षभन्दा बढी समय लगातार महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका भई सेवा गरिसकेकाको अवस्थामा असामयिक निधन भएमा [2]उप दफा ५ बमोजिमको रकम निजको हकवालालाई उपलब्ध गराइने छ ।

७) महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकालाई प्रदान गरिने रकम बैङ्क खाता मार्फत प्रदान गरिनेछ ।

८) [3]यस गौरीगङ्गा नगरपालिकामा स्वास्थ्य स्वयम् सेविकाको रुपमा लगातार कम्मतीमा १० वर्ष भन्दा बढी सेवा प्रदान गर्ने स्वास्थ्य स्वयम् सेविकाले थप सेवा गर्न असमर्थता जनाई आमा समुहमा स्वैच्छिक राजिनामा स्वीकृत गरि वडा स्वास्थ्य कार्यालयको सिफारिस सहित स्वैच्छिक राजिनामाको पत्र नगरपालिकामा पेश गर्न सक्नेछन् ।

---

[1] पहिलो संशोधन

[2] संशोधन गरिएको

[3] थप गरिएको

९) [4]उप दफा ८ बमोजिम राजिनामा प्राप्त भएमा नगरपालिकाले सो स्वैच्छिक अवकास लिने स्वास्थ्य स्वयम् सेविकाले स्वास्थ्य क्षेत्रमा पुराएको योगदानको उच्च सम्मान गर्दै बिदाइ रकम बापत जनही रु ५०,००० अक्षरुपी रु. पचास हजार र सम्मान पत्र प्रदान गर्न सकिने छ ।

५. **क्षमता विकास तालिमः** १) महिला स्वास्थ्य स्वयम सेविकाहरूको क्षमता विकास र पुन ताजकी तालिम दिन आवश्यक देखिएमा स्वास्थ्य शाखाले स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम बमोजिम क्षमता विकास र पुन ताजकी तालिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

६. **प्रोत्साहन प्राप्त नगर्ने अवस्थाहरुः** १) दफा ४ बमोजिम प्रदान गरिने प्रोत्साहन तपसिलको अवस्थामा प्रदान गरिने छैन ।

क) स्वयम सेविकाको भूमिका निर्वाह गर्न अनिच्छुक भई राजीनामा गरेमा,

ख) वैतनिक पदमा बहाल भएमा वा गरेमा,

ग) कुनै राजनैतिक दलको पदमा बहाल रहेमा,

घ) जनप्रतिनिधि चयन भई बहाल रहेमा,

ङ) बिना सूचना लगातार ३ पटकसम्म स्वास्थ्य आमा समूहको बैठक नराखेमा वा अनुपस्थित भएमा,

च) शारीरिक असक्तताका कारण सेवा गर्न असमर्थ भएमा,

छ) कानुनी रूपमा फौजदारी अभियोगमा सजाय पाएमा,

ज) अन्यत्र बसाई सरी गएमा र

झ) मृत्यु भएमा ।

७. **आचार संहिताः** १) महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले अनुसूची-१ बमोजिमको आचारसंहिता पालन गर्नु पर्ने र सो आचारसंहिता पालन गर्ने प्रतिबद्धता प्रत्येक वर्षको साउन महिना भित्र हस्ताक्षर गरी स्वास्थ्य शाखामा पेस गर्नु पर्नेछ ।

---

[4] थप गरिएको

गौरीगङ्गा राजपत्र

२) दफा १ बमोजिमको आचारसंहिता परिपालना नगरेमा स्वास्थ्य शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले विभागीय कारबाही गर्न सक्नेछन् ।

८. <u>निर्देशन दिन सक्नेः</u> १) नगर कार्यपालिकाको वा स्वास्थ्य शाखाले महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरूलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२) उपनियम १ बमोजिम दिइएको निर्देशनको पालना गर्नु स्वास्थ्य स्वयम सेविकाको कर्तव्य हुनेछ ।

९. <u>विविधः</u> १) यो कार्यविधि लागु हुनु पूर्व उपलब्ध गराइएको प्रोत्साहन यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

२) यस कार्यविधिमा कुनै बाधा परेकोमा नगर कार्यपालिकाले फुकाउन सक्नेछ ।

**अनुसूची-१**

**दफा ७ (१) सँग सम्बन्धित**

<u>महिला सामुदायिक स्वास्थ्य स्वयसेविकाले पालना गर्नुपर्ने आचारसंहिता</u>

-

क) सेवाभावले समुदायको स्वास्थ्य अधिकार र पहुँचलाई मूल मन्त्र मानी नैतिकता ईमान्दारिता र उच्च मनोबलका साथ कार्य गर्नु पर्नेछ ।

ख) आफ्नो सिप र ज्ञानको उपयुक्त रूपमा सदुपयोग गरी विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भई समुदायमा स्वास्थ्य सेवाको प्रवर्धन गर्नु पर्ने छ ।

ग) आफू सम्बद्ध स्वास्थ्य संस्थामा र आमा समुहप्रति ईमान्दारिता, जबाफदेही तथा प्रतिबद्ध भई पूर्ण रूपमा कार्य गर्नु पर्नेछ।

घ) आफुले सिकेका ज्ञान र सिपको समुचित प्रयोग गरी जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवर्द्धन गर्न लगाउनु पर्ने छ ।

ङ) समुदाय सँगको व्यवहारमा सधैं विनम्र र सहयोगी हुनु पर्नेछ।

च) सेवाग्राहीको ब्यक्तिगत गोपिनीयता कायम राखु पर्नेछ।

गौरीगंगा राजपत्र

छ) स्वास्थ्य आमा समूहलाई सशक्तीकरण गर्न तथा स्वास्थ्य सेवा सुदृढ गर्न यथाशक्य कोसिस गर्ने।

ज) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपन र प्रयोगमा सहभागी हुने।

झ) समुदाय तथा व्यक्तिको मान्यता र संस्कृतिलाई कदर गरी पक्षपातरहित सेवा दिने।

ञ) स्वास्थ्य क्षेत्रमा सञ्चालित अभियान कार्यक्रमहरूमा सक्रिय रूपले सहभागी हुने ।

ट) महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले पालना गर्नुपर्ने नीति,नियम तथा मन्त्रालय र अन्तर्गत सञ्चालित कार्यक्रमहरूलाई प्राथमिकताका साथ सम्पन्न गर्ने।

ठ) कुनै पनि तलबी कार्यक्रम वा राजनैतिक पदमा नियुक्ति भएमा महिला स्वास्थ्य स्वयम् सेविकाको उत्तरदायित्वबाट अलग हुने ।

ड) जात लिङ्ग धर्म भाषा रङ्ग उमेर शारीरिक असक्षमता राजनैतिक विचारधारा तथा अन्य कुराहरूले मेरो कार्यमा बाधा पर्ने छैन भनी विश्वास दिलाउने ।

ढ) कार्यक्रमहरुमा आफ्नो राजनैतिक विश्वासबारे प्रचार प्रसार गर्नु हुँदैन ।

**माथि उल्लेखित आचारसंहिता पूर्ण रूपमा पालना गर्नेछु ।**

| प्रमाणित गर्ने | प्रतिबद्धता गर्ने |
|---|---|
| नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः<br>कार्यालयको छाप | नामः<br>पदः<br>ठेगानाः<br>हस्ताक्षरः<br>मितिः |

आज्ञाले
धर्मराज बिनाडी
प्रमुख प्रशासकिय अधिकृत



गौरीगङ्गा राजपत्र